


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २१ गते सोमबार ❑ 6 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मानव बेचबिखनमुक्त समाज निर्माण गर्न प्रधानमन्त्रीको आग्रह

**रासस**
**काठमाडौं, २० भदौ**

प्रधानमन्त्री शेरबहादुर देउवाले मानव सभ्यताकै कलङ्कको रूपमा विकास भएको मानव बेचबिखन रोकथाम गर्न तीन तहकै सरकारले प्रयास गरिरहेको बताउनुभएको छ।

मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १५औँ राष्ट्रिय दिवसको उपलक्ष्यमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार शाखाद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा उहाँले दिनुभएको शुभकामना सन्देशमा भनिएको छ, "नेपालको संविधानले मानव बेचबिखन गर्न नपाउने व्यवस्था गरेकाले यसको नियन्त्रणका लागि सरकार प्रतिबद्ध छ।" प्रधानमन्त्री देउवाले मानव बेचबिखनविरुद्धको अभियानमा साझेदारी गर्नुहुने सबै अभियानतालाई हार्दिक शुभकामना व्यक्त गर्नुहुँदै मानव बेचबिखनमुक्त समाज निर्माण गर्न सबैमा आग्रह गर्नुभयो। उहाँले सन्देशमा मानव बेचबिखन रोकथामका लागि जनचेतनामूलक र आर्थिक सशक्तिकरण हुने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने जरुरी देखिएको भनुभएको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले २१औँ शताब्दीमा महिलालाई पशुसरह बेचबिखन हुने गरेको दुःखद अवस्था रहेको उल्लेख गर्नुहुँदै मानव ओसारपसार गर्ने जालोलाई मुक्त गर्न जरुरी रहेको छ भन्नुभयो। उहाँले मानव बेचबिखनजस्तो जघन्य अपराधलाई न्यूनीकरण गर्नका लागि आ-आफ्नो ठाउँबाट जुट्न सबैमा आग्रह गर्नुभयो। मन्त्रालयका सचिव यामकुमारी खतिवडाले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराध सभ्य समाजको बाधक तत्व रहेको उल्लेख गर्नुहुँदै यस्ता सामाजिक कलङ्कको रूपमा मौलाएको अपराध नियन्त्रण तथा रोकथामका लागि सरकार, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर ष्ट्रिय सङ्घसंस्था, विकास साझेदार निकाय, नागरिक समाज, मानव अधिकारकर्मीलगायत सम्पूर्ण सरोकारवालाहरू एकजुट भएर आगाडि बढ्नुपर्ने उल्लेख बताउनुभयो। मानव बेचबिखन तथा ओसारपसार शाखाका प्रमुख रोशनीकुमारी श्रेष्ठले रोजगारीको अवसरका कमी, वैदेशिक रोजगारीका लागि जाने र लैजाने क्रममा महिलाहरू बेचिने गरेको जानकारी दिनुभयो। 'मानव बेचबिखनमुक्त समाज, हाम्रो प्रतिबद्धताः सबैको प्रयास र ऐक्यबद्धता' भन्ने नाराका साथ आयोजित उक्त कार्यक्रममा गत आर्थिक वर्षमा सरकारले विभिन्न सङ्घ संस्थाको सहयोगमा एक हजार ३३१ जना महिला तथा बालबालिकालाई उद्धार गरेको जानकारी गराइयो। नेपाल सरकारले हरेक वर्ष भदौ २० गते मानव बेचबिखन तथा ओसार पसारविरुद्धको राष्ट्रिय दिवस मनाउने गरेको छ।

## शहिद स्मृति आवासीय विद्यालयको आवश्यकता पुरा गर्न सबैको ध्यान केन्द्रित

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कर्मचारी भन्दा राजनीति क्षेत्रमा बढी समस्या रहेको बताएका छन्।

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती जिल्ला समिति कास्कीको आइतबार पोखरा १४ मा रहेको शहिद स्मृति आवासीय माविमा शैक्षिक तथा खेलकुद सामाग्रि हस्तान्तरण कार्यक्रममा बोल्दै मन्त्री बरालले कर्मचारी भन्दा राजनीति क्षेत्रमा बढी समस्या देखा परेको बताएका हुन्।

माओबादी केन्द्र गण्डकी प्रदेश सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले फेरी पनि असल कम्युनिष्टहरु बिच एकताको जरुरी रहेको जनाए। मन्त्री बरालले कर्मचारी क्षेत्रबाट व्यानरमा लेखिएको "व्यावसायिक र सिर्जनशील प्रशासन विकास, समृद्धि र सुशासन" लागु हुने गरी व्यवहारमा लागु गर्न कर्मचारीलाई निर्देशन समेत दिएका छन्। नेताहरुलाई खबरदारी नगरी राजनीति दललाई प्रभावमा पारेर व्यक्तिगत र आफु रहेको संगठनको मात्र हितमा लाग्ने प्रबृत्ति गलत भएको टिप्पढी गर्दै अर्थ मन्त्री बरालले जनताको हितमा हुने काम गर्नुपर्ने सुझाव दिए। अबका कर्मचारीमा कार्यशैलि, सोच्ने तरिका भिन्न तरिकाको हुनुपर्ने बताएका मन्त्री बरालको भनाई थियो। शहिद, वेपत्ता, घाइते अपाङ्गता भएका



व्यक्तिहरु लक्षित गरी स्थापना भएको शहिद आवासिय माविमा न्यूनतम आवश्यकताको कसरी पुरा गर्न सकिन्छ त्यसमा सबैका ध्यान केन्द्रित हुनुपर्ने मन्त्री बरालको भनाई थियो। विद्यालयलाई विनियोजन भएको ३ करोडले अपुग भएको थप रकम व्यबस्थापन गर्न आफ्नो ध्यान समेत केन्द्रित हुने उनको भनाई थियो। विद्यालय संचालनको क्रममा युवा व्यवसायी विमलमान गुभाजुले करिब साँढे दुई बर्ष सम्म जग्गा उपलब्ध गराएको मन्त्री बरालले प्रशंसा गरे। उक्त विद्यालयको शैक्षिक तथा भौतिक निर्माणमा व्यक्तिगत हिसावले बढी दाहित्व आफुमा रहेको मन्त्री बरालले जनाए। शहिद तथा वेपत्ता परिवारले झाडु लगाउने जागिर माग्दा पनि दिन नसक्दा आफुहरु हाल निकै दुःखि हुनु परेको उनले जनाए। मुलुकको लागि रगत बगाएका शहिद तथा वेपत्ता परिवारको लागि बाचेकालाई कम्तीमा झाडु लगाउने कार्यालय सहयोगीको रुपमा समेत जागिर लगाउन हाल आफुहरुले नसकेको मन्त्री बरालको भनाई थियो। मुलुकको परिवर्तनका लागि उनीहरुको भुमिका हेरीकन प्रथामिकता दिनुपर्ने मन्त्री बरालले जनाए। गण्डकी प्रदेका प्रमुख सचिव डा. दामोदर रेग्मीले संगठनले जनतासंग जोडिने यस्ता कार्यक्रम गरेकोमा खुसि व्यक्त गर्दै विद्यालयको आवश्यकता पुरा गर्न आफ्नो क्षेत्रबाट समेत पहल गर्ने जनाए। जनताको सेवा प्रवाहमा प्रभावकारी र छिटो छरितो ढंगले गर्न कर्मचारीहरुलाई प्रमुख सचिव रेग्मीले आग्रह गरे। कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले राष्ट्रलाई विपद पर्दा राष्ट्र सेवक कर्मचारीको महत्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गरे। संघियता कान्वयन गर्न पनि कर्मचारीको मुमिका महत्पूर्ण रहेको उनको भनाई थियो। कर्मचारीले जनतासंग नजिक भयर काम गर्नुपर्ने प्रजिअ गौतमले जनाए। संगठनका गण्डकी प्रदेश अध्यक्ष कृष्ण प्रसाद पौडेलले कर्मचारीको संरचना परिवर्तन भए पनि हाल संस्कार भने परिवर्तन हुन नसकेको दावी गरे। जनताको भावन बुझेर कर्मचारीले सेवालाई चुस्त दुरुस्त पार्नुपर्ने उनको जोड थियो।

निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियन कास्कीका अध्यक्ष भरत प्रसाद भुषालले संघिय निजामती ऐन जारी नभएकोले हाल कर्मचारी व्यबस्थापनमा समस्या भएको बताए। विद्यालयकी प्रध्यानाध्यापक मोना गिरीले विद्यालयको भौतिक पूर्वाधार निर्माणमा खासै समस्या नभए पनि आन्तरिक समस्या रहेको गुनासो गरिन्। २०६६ सालमा स्थापना भएको विद्यालयमा हाल २ सय ६० जना आवासिय सहित ३ सय ५० जना विद्यालयमा अध्ययनरत रहेको दाबी गरिन्। बिद्यार्थीहरुको पौष्टिक आहारा तथा पोसाक एवं शैक्षिक सामाग्री नै अभाव हुने गरेको गिरीले जनाइन्। संगठन कास्कीका अध्यक्ष रामचन्द्र ढुंगानाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको सचिव श्याम लामिछानेले जनाए। संगठनले गण्डकी प्रदेश सरकार र संगठनबाट करिब ४० हजार मुल्य बराबरको शैक्षिक तथा खेलकुद सामाग्रि बिद्यालयलाई सहयोग गरेको अध्यक्ष ढुंगानाले जनाए। १८ औं निजामती सेवा दिवसको अवसरमा संगठनले उक्त कार्यक्रम गरेको हो।

## पोखराका नागरिक अभियन्ताद्वारा एमसिसीको विरोध

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

पोखराका नागरिक अभियन्ताले प्रस्तावित अमेरिकी सहयोग एमसिसीको विरोध जनाउँदै यसको खारेजीको माग गरेका छन्। उनीहरुले सहयोगको घुम्टो ओढेर आएको यो गलपासो हो भन्दै अफ्गानिस्तानमा पराजित अमेरिका यसको प्रयोगमा नेपाललाई नयाँ रणक्षेत्र बनाउन उद्दत रहेको ठहर गरेका छन्।

आइतबार विज्ञप्ति जारी गर्दै एमसिसीका उच्च अधिकारीको आसन्न नेपाल भ्रमण र प्रधानमन्त्री शेरबहादुर देउवाले सत्तागठबन्धनका शीर्षनेताहरुसँग एमसिसी संसदबाट पारित गराउनुपर्ने कुरा उठाएको समाचारले आमदेशभक्त नेपाली जनतालाई त्रसित बनाएको बताएका छन्।

विज्ञप्तिमा भनिएको छ, 'एमसिसी अमेरिकी नयाँ सैन्य रणनीतिको अभिन्न अंग हो भन्ने कुरा स्वयं अमेरिकी राजनीतिक, कुटनीतिक एवं सैन्य उच्च पदाधिकारीलेवासिंटनरकाठमाडौंमा खुला अभिव्यक्त गरेको कुरा हो। यो अमेरिकी इण्डोप्यासिफिक सैन्य रणनीतिसँग जोडिएको छ। नेपालमा अमेरिकाको कानुन र शासन लागु हुने यो खतरनाक एमसिसी परियोजना नेपाललाई नवउपनिवेशमा परिणत गर्ने र छिमेकी मित्रराष्ट्रको शान्ति, स्थिरता र समृद्धि रोक्न नेपाली भूमि आधार क्षेत्र बनाउने लक्ष्य लिएर आएको छ।' साथै विज्ञप्तिमार्फत वैदेशिक आर्थिक एवं प्राविधिक सहयोग नेपाललाई नचाहिने होइन, पूर्वाधार विकासको लागि सहयोग खाँचो छ तर सहयोगको घुम्टो ओढेर आएको यो एउटा गलपासो भएकोले सख्त विरोध गर्दछौं भनिएको छ।

विरोध जनाउनेमा नागरिक अभियन्ता वरिष्ठ अधिवक्ता तिलक पराजुली, रामबहादुर पौडेल, शशि तुलाचन, विष्णुहरि अधिकारी, गोकुलबहादुर कार्की, सूर्यनाथ पहारी, पवित्रा जिसी, काजीबाबु श्रेष्ठ छन्। यसैबीच, एमसिसीको विरोधमा पोखरा सहिदचोकमा सोमबार धर्ना दिने कार्यक्रम रहेको रामबहादुर पौडेलले जानकारी दिए। कार्यक्रम बिहान १० देखि ११ बजेसम्म हुनेछ।

## मैत्रीपूर्ण फुटबलको दोस्रो खेलमा नेपाल भारतसित पराजित

**रासस**
**काठमाडौं, २० भदौ**

भारतसितको दोस्रो मैत्रीपूर्ण खेलमा नेपाल पराजित भएको छ। भारतसँग नेपाल २-१ गोलअन्तरले पराजित भएको हो। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा केहीबेर अघि सम्पन्न खेलमा भारतले नेपालमाथि जित हासिल गरेको हो।

भारतका लागि फारुख चौधरी र कप्तान सुनिल क्षेत्रीले गोल गर्नुभयो। नेपालका लागि सान्त्वना गोल तेज तामाङले गर्नुभयो। पहिलो हाफमा प्रदर्शन गरेको खेलालाई दोस्रो हाफमा निरन्तरा दिन नसक्दा नेपाल पराजित हुन पुगेको हो। नेपाल र भारत दुवैले पहिलो हाफमा गोलरहित बराबरी खेलेका थिए। दुवै टोलीका तर्फबाट पटकपटक गोलको प्रयास गरे पनि सफल भने हुन सकेन। दोस्रो हाफमा मैदान प्रवेश गर्नुभएका फारुख चौधरीले खेलको ६२औं मिनेटमा भारतका लागि पहिलो गोल गर्नुभएको थियो। यस्तै खेलको ८०औं मिनेटमा भारतीय कप्तान सुनिल क्षेत्रीले आफ्नो टोलीका लागि दोस्रो गोल गर्नुभयो। उहाँ बिनाअवरोध सहजै गोल गर्न सफल हुनुभयो। भारतले दुई गोल गरेपछि नेपालले आक्रामक खेल खेल्न पुगेको थियो। खेलको ८७औं मिनेटमा नेपालका लागि तेज तामाङले डिबक्स बाहिरबाट उत्कृष्ट गोल गर्नुभयो। उहाँले झण्डै २० यार्ड टाढाबाट गोल गर्नुभएको थियो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा ३२८ कोरोना संक्रमण मुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ३२८ जना कोरोना संक्रमणमुक्त भएका छन्। यस अवधिमा ९२ जना संक्रमित थपिएका छन् भने छ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा कास्की, तनहुँ, स्याङ्जा, बाग्लुङ, पर्वत र म्याग्दीका एक/एक जना रहेको स्वास्थ्य निर्देशनालय, प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र गण्डकी प्रदेशका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

योसँगै प्रदेशमा कोरोना संक्रमण भई मृत्यु हुनेको संख्या एक हजार ३१२ पुगेको छ। स्वास्थ्य निर्देशनालयको पछिल्लो एक हप्ताको तथ्याङ्कअनुसार एक हप्तामा पाँच हजार ३०७ जना कोरोना संक्रमण मुक्त भएका छन् भने २२ जनाको मृत्यु भएको छ। प्रदेशमा हाल दुई हजार ११८ जना संक्रमित होम आइसोलेसनमा छन्।

## 'महिलामाथि हुने विभेद अन्त्य गर्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

महिलामाथि धर्म संस्कार र परम्पराका नाममा हुँदै आएका विभेदलाई अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले भर्चुअल माध्यमबाट आयोजना गरेको 'तीज र महिला सशक्तिकरण विषयक' अन्तर्क्रिया र प्रतिभा प्रस्फुटन कार्यक्रममा सहभागी वक्ताले सामाजिक न्याय र समानताका लागि गलत परम्पराको अन्त्य आवश्यक रहेको औँल्याएका हुन्। नेपाल टेलिभिजनका सञ्चालक समिति सदस्य नायब महाप्रबन्धक एवं लैङ्गिक विश्लेषक आरती चटौटले 'तीज र महिला सशक्तीकरण' विषयमा प्रस्तुतीकरण राख्दै बदलिँदो परिवेशमा तीजको महत्वलाई आत्मसात् गर्दै धर्म संस्कारप्रथा र परम्पराका रूपमा महिलामाथि हुँदै आएका विभेदविरुद्ध सशक्त आवाजको खाँचो रहेको बताउनुभयो। सामाजिक रुपान्तरण र न्यायका लागि परापूर्वकालदेखि हुँदै आएका गलत अभ्यासलाई बदलेर सुसभ्य र समानतामूलक समाजका लागि महिलाले विशेष जोड दिनुपर्ने उहाँको भनाइ थियो। महिलाको आत्मसम्मानमाथि चोट पुग्ने कुनै पनि पर्वलाई महिलाले उत्साहका रूपमा ग्रहण गर्न नसक्ने जनाउँदै तीज पर्वलाई महिलाले उत्साहको पर्वका रूपमा मनाउन यसभित्र रहेका केही गलत अभ्यास हटाउनुपर्नेमा जोड दिनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले महिलाको विशेष पर्वका रूपमा रहेको तीजले सामाजिक आर्थिक राजनीतिक स्वतन्त्रतासहित अघि बढ्न प्रेरणा दिने विश्वास व्यक्त गर्नुभयो। उहाँले समुन्नत न्यायिक समाजमा महिला पुरुषको समान सहभागिता र सामाजिक दायित्व रहेको प्रष्ट पार्नुभएको थियो।

संस्थाका अध्यक्ष पार्वती पाण्डेले हरेक वर्ष भौतिक उपस्थितमा विभिन्न कार्यक्रमका साथ मनाईंदै आएको पर्व तीज कोरोना महामारीका कारणले जमघट र भीडभाड नगरी प्रविधिको प्रयोगबाट मनाएको बताउनुभयो।

कार्यक्रममा पश्चिमाञ्चल होटल संघका अध्यक्ष विकल तुलाचन, संस्थाका संस्थापक अध्यक्ष जमुना पराजुली, सल्लाहकार देवका पहरी, नर्मला कँडेललगायतले वर्तमान अवस्थामा तीज महत्व र पर्यटनले भोगपरेका विषयमा आफ्नो धारणा राख्नुभएको थियो। कार्यक्रमको दोस्रो सत्रमा सदस्यका विभिन्न प्रतिभा प्रस्फुटन कार्यक्रम रहेको र उत्कृष्टलाई पुरस्कारको व्यवस्था गरिएको संस्थाका उपाध्यक्ष उमा भण्डारीले जानकारी दिनुभयो।



# महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) भर्चुलल माध्यमबाट मनायो तीज

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले भर्चुअल माध्यमबाट तीज विशेष कार्यक्रम सम्पन्न गरेको छ । कोरोना महामारीको समयमा भिडभाड नगरी प्रविधिको प्रयोगबाट "तीज र महिला सशक्तिकरण विषयक" अन्तरक्रिया र सदस्यहरुको प्रतिभा प्रष्फुटन कार्यक्रम गरेर तीज पर्व मनाएको हो ।

कार्यक्रका प्रमुख वक्ता नेपाल टेलिभिजनका संचालक समिति सदस्य नायव महाप्रबन्धक एवम् लैङ्गिक विश्लेषक आरती चटौटले 'तीज र महिला सशक्तिकरण' विषयमा प्रस्तुतीकरण राख्दै बदलिदो परिवेशमा तीजको महत्वलाई आत्मसात गर्दै धर्म संस्कार प्रथा र परम्राका रुपमा महिला माथि हुँदै आएका विभेद विरुद्ध सशक्त आवाजको खाँचो रहेको बताउनुभयो । सामाजिक रुपान्तरण र न्यायका लागि परापूर्वकाल देखि हुँदै आएका गलत अभ्यासलाई बदलेर सुसभ्य र समनतामुलक समाजको लागि महिलाले विशेष जोड दिनुपर्ने उहाँको भनाइ थियो । महिलाको आत्मसम्मानमाथि चोट पुग्ने कुनै पनि पर्वलाई महिलाले उत्साहको रुपमा ग्रहण गर्न नसक्ने जनाउँदै तीज पर्वलाई महिलाले उत्साहको पर्वको रुपमा मनाउन यस भित्र रहेका केही गलत अभ्यास हटाउनु पर्नेमा जोड दिनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भटटराईले महिलाको विशेष पर्वको रुपमा रहेको तीजले सामाजिक आर्थिक राजनैतिक स्वतन्त्रता सहित अघि बढ्न प्रेरणा दिने विश्वास व्यक्त गर्नुभयो । उहाँले समुन्नत न्यायिक समाजमा महिला पुरुषको समान सहभागिता र सामाजिक दायित्व रहेको प्रष्ट पार्नुभएको थियो ।

संस्थाका अध्यक्ष पार्वती पाण्डेले हरेक वर्ष भौतिक उपस्थितमा विभिन्न कार्यक्रमका साथ मनाइदै आएको पर्व तीज कोरोना महामारीका कारणले जमघट र भीडभाड नगरी प्रविधिको प्रयोगबाट मनाएको बताउनुभयो ।

कार्यक्रममा पश्चिमाञ्चल होटल संघका अध्यक्ष विकल तुलाचन, संस्थाका संस्थापक अध्यक्ष जमुना पराजुली, उपाध्यक्ष उमा भण्डारी, सल्लाहकार देवका पहारी, नर्मला कँडेल लगायतले वर्तमान अवस्थामा तीज महत्व र पर्यटनले भोग्नु परेका विषयहरुमा आफ्नो धारणाहरु राख्नुभएको थियो । कार्यक्रमको दोस्रो सत्रमा सदस्यहरुका विभिन्न प्रतिभा प्रस्फुटन कार्यक्रम रहेको र उत्कृष्टलाई पुरस्कारको व्यवस्था गरिएको संयोजक लक्ष्मी लामिछानेले जानकारी दिनुभयो ।

# पोखरा ४ मा नेकपा एकीकृत समाजवादीको वडा कमिटी गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

नेकपा (एकीकृत समाजवादी)ले आफ्नो संगठन विस्तारलाई वडा तहसम्म तीव्ररुपले अगाडि बढाएको छ । यही क्रममा कास्कीका सबै वडामा कमिटी निर्माण अभियानमा जुटेको एकीकृत समाजवादीले पोखरा- ४ मा एक भेला गरी वडा कमिटी घोषणा गरेको छ ।

विजया कोइरालाको नेतृत्वमा ३१ सदस्यीय नेकपा एकीकृत समाजवादी वडा नम्बर-४ कमिटी गठन गरिएको नवगठित वडा कमिटीका सचिव उमा पराजुलीले जानकारी दिइन् । एकीकृत समाजवादीका केन्द्रीय सदस्य श्रीनाथ बरालले वडा भेलालाई सम्बोधन गर्दै एमाले अध्यक्ष केपी शर्मा ओलीले नवौं महाधिवेशनको मार्गचित्र विपरित पार्टी सञ्चालन गरेकाले आफूहरु बाध्य भएर नयाँ पार्टी गठनमा लाग्नुपरेको बताए । ओलीले पार्टीलाई दक्षिणपन्थी भासमा लगेपछि कम्युनिष्ट आन्दोलनलाई जोगाउन विद्रोह गर्नुपरेको उनको भनाई थियो । 'कम्युनिष्ट आचरण र शिद्धान्त भन्दा बाहिर एकांकीढंगले, पार्टी सञ्चालन गर्ने र दुख गरेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै खतरा उत्पन्न हुनेगरी अगाडि बढ्ने काम भयो । संविधानलाई मास्ने नियतका साथ दुईदुई पटक संसद विघटन गरियो । यो गरिसकेपछि पनि यही कुरा ठिक हो । भनिरहने र कार्यशैलीमा कुनै सुधार नआउने भएपछि कम्युनिष्ट आन्दोलन जोगाउनका लागि विद्रहको विकल्प थिएन। त्यही भएर विद्रोह गर्दै नयाँपार्टी बनाउनुपर्ने अवस्था आयो' उनले भने। अबको कम्युनिष्ट आन्दोलनको नेतृत्व नेकपा(एकीकृत समाजवादी) ले नै गर्ने उनको दाबी छ । नेकपा एकीकृत समाजवादी कास्कीका अध्यक्ष धनराज आचार्यले इमान्दार कम्युनिष्ट कार्यकर्ताका लागि एमालेमा ठाउँ नभएको बताए । उनले अफ्नो पार्टीले छिट्टै कास्की र गण्डकी प्रदेशमै बर्चस्व जमाउनेगरी लहर ल्याउने बताए। 'अहिले केही साथीहरुमा थोरै अलमल देखिएको छ ।' उनले भने, 'हेर्नुहोला अन्योल र अलमलमा रहेका मात्र होइन सबै इमान्दार कम्युनिष्टहरुले रोज्ने पार्टी यही बन्ने छ ।' कार्यक्रममा एकीकृत समाजवादीका कृष्ण (ढाकामोहन) पराजुली लगायत विभिन्न नेताहरुले कम्युनिष्ट आन्दोलन र पोखरामा एकीकृत समाजवादीको अवस्थाका बारेमा चर्चागर्दै संगठित भएर सबै प्रकारका सड्यन्त्रलाई चिर्दै सशक्त पार्टी बनाइने बताएका थिए ।

# अवरुद्ध पोखरा-बागलुङ सडक खुल्न अझै दुई दिन लाग्ने

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० भदौ**

बिहीबार रातिको अविरल वर्षापछिको पहिराले अवरुद्ध पोखरा-बागलुङ सडक खुल्न अझै समय लाग्ने भएको छ ।

मध्यपहाडी लोकमार्गको पर्वत खण्डको आठ किलोमिटर सडकमा २० स्थानमा पहिरो खसेर लोकमार्ग क्षतविक्षत भएको मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयले जनाएको छ । मध्यपहाडी लोकमार्ग शुक्रबारदेखि नै खुलाउने प्रयास भए पनि कतै ठूला चट्टानसहितको पहिरो र कतै सडक नै बगाएका कारण लोकमार्ग एकतर्फी खुलाउन मङ्गलबार दिउँसोसम्म लाग्ने मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख मेघराज मरासिनीले जानकारी दिनुभयो । "अहिले पाँचवटा स्काभेटर प्रयोग गरिएको छ, तर भ्याप्लेखोला नजिकै घरभन्दा ठूला चट्टान खसेका कारण नेपाली सेनासँग सहकार्य भइरहेको छ", मरासीनिले भन्नुभयो, "मोदीको पाथीचौरबाट कुस्मातर्फ दुई स्काभेटर, कुस्माबाट पाथी चौरसम्म दुई र बीचमा एक स्काभेटर लगाएका छौं ।" उहाँका अनुसार भ्याप्लेखोलामा बम विस्फोट गरेर ढुङ्गा फुटाउने योजना भए पनि भौगोलिक हिसाबले अत्यन्तै कठिन छ । कल्पनाभन्दा ठूला पहिराले मध्यपहाडी लोकमार्ग क्षतविक्षत भएको र पुरानै अवस्थामा फर्काउन निकै समय लाग्नेछ । सवारी साधन ठप्प हुँदा तीन घण्टा लगाएर पैदलमार्फत जोखिमपूर्ण यात्रा गर्न यात्रु बाध्य भएका छन् । पर्वतको दोविल्लामा एक सय मिटर सडक नै बगाएकाले नयाँ ट्र्याक खुल्नुपर्नेछ भने धेरै स्थानमा सडकको जग नै बगाएको छ । अविरल वर्षापछिको पहिराले पर्वतमा ठूलो क्षति पुऱ्याउँदा साबिक धौलागिरिका पर्वत, म्याग्दी, बागलुङ, मुस्ताङमा यातयातसँगै विद्युत्, टेलिफोन तथा इन्टेरनेट सेवा अवरुद्ध भएको थियो । विद्युत्, टेलिफोन तथा इन्टेरनेट सेवा भने शनिबार साँझदेखि सञ्चालन भए पनि सडक सञ्चालमा सिङ्गो चार जिल्लाको सम्पर्कविच्छेद भएको हो । १३२ केभिए प्रसारण लाइनको दोविल्ला नजिकैको टावरमा क्षति पुऱ्याउँदा बिहीबार रातिदेखि दाना-खुर्कोट प्रसारण लाइन बन्द भएको छ । उक्त प्रसारण लाइनलाई मर्मतपछि सञ्चालन गर्न पाँच दिन लाग्ने जनाइएको छ । दोविल्लामा छ खम्बामा पुऱ्याएको क्षति मर्मतपछि धौलागिरिमा वितरण भइरहेको ३३ केभिए प्रसारण लाइन मर्मतपछि शनिबार साँझदेखि सञ्चालनमा आएको नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख इन्जिनियर शिवनारायण गोशलीलले जानकारी दिनुभयो ।

# डब्ल्यूएचओको दक्षिणपूर्वी एसियाली राष्ट्रको क्षेत्रीय कार्यकारी समितिको बैठक आयोजना गर्दै नेपाल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

विश्वस्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)को सदस्य राष्ट्र नेपालले ११ वर्षपछि दक्षिणपूर्वी एसियाली राष्ट्रको क्षेत्रीय कार्यकारी समितिको ७४औँ बैठक यही भदौ २१ देखि २५ गतेसम्म अप्रत्यक्षरूपमा आयोजना गर्दैछ ।

कोभिड-१९ महामारी तथा स्वास्थ्यमा सर्वव्यापी पहुँच हासिल गर्न अत्यावश्यक स्वास्थ्य सेवाहरूको 'अझ असल र सबल पुनर्निर्माण'का उपायदेखि लिएर विद्यालय स्वास्थ्यको पुनरुत्थान र खोपद्वारा रोकथाम गर्न सकिने रोगहरूका लागि खोप कार्ययोजना तथा त्यसनिम्ति क्षेत्रीय कार्यढाँचा सम्मका विषयमा गहन छलफल हुनेछ । बैठक समाप्तिसँगै आगामी एक वर्षका निम्ति उक्त क्षेत्रीय संस्थाको कार्यकारी समतिको अध्यक्षतासमेत गर्ने नेपालले दक्षिणपूर्वी एसियाली राष्ट्र बङ्गलादेश, भूटान, दक्षिण कोरिया, भारत, इन्डोनेसिया, माल्दिभ्स, नेपाल, म्यानमार, श्रीलंका, थाइल्याण्ड र टिमोर लेस्टेसँग निकट सम्पर्क र समन्वयमा रहेर स्वास्थ्यसम्बन्धी क्षेत्रीय मुद्दामा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

बैठकको पूर्वसन्ध्यामा आज अपराह्न पत्रकार सम्मेलन गरेर स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठले भावी नीति, रणनीतिको तर्जुमा, प्रगतिका प्रतिवेदनउपर छलफल, तथा यस क्षेत्रका लागि बजेट तथा कार्यक्रमको अनुमोदन पाँचदिने बैठकबाट हुने बताउनुभयो । एघारवटै दक्षिणपूर्वी एशियाली देशका स्वास्थ्यमन्त्री, डब्लूएचओका महानिर्देशक डा टेड्रोस एड्हानोम गेहब्रेयसस, क्षेत्रीय निर्देशक डा पुनम खेत्रपाल सिंह, उच्च स्वास्थ्य अधिकारी, राष्ट्रसङ्घीय निकायका प्रतिनिधि, विकासका साझेदार तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागितामा हुने बैठकले विगतका बैठकबाट अनुमोदन भएका विषयको प्रगतिको समीक्षा स्वास्थ्यको आपत्कालीन पूर्वतयारी कार्य, नसर्ने रोग नियन्त्रण, स्वास्थ्यमा कोभिड खोपको व्यवस्थापन, वितरण र प्राप्तिबारे छलफल, खोपद्वारा अन्य रोगको रोकथाम, आगामी वर्षमा गरिने साझा कार्ययोजनाबारे छलफल र निर्णय हुने जानकारी दिनुभयो। साठी वर्षदेखिको डब्ल्युएचओसँगको नेपालको साझेदारीलाई अझ सघन र परिणामुखी तुल्याउन बैठक उपयोगी हुने विश्वास व्यक्त गर्दै उहाँले दक्षिणपूर्वी एसियाली क्षेत्रमा स्वास्थ्य समस्या समाधानका निम्ति पनि फलदायी हुने बताउनुभयो । 'हरेक वर्ष विश्व स्वास्थ्य सङ्गठनको जेनेभामा हुने महासभाको पूर्वतयारीका रूपमा लिइने यो बैठक नेपालले आयोजना गर्नु राष्ट्रका लागि गौरवको विषय हो', राज्यमन्त्री श्रेष्ठले भन्नुभयो ।




# एक हजार ८९ मा संक्रमण, २० जनाको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

कोरोना भाइरसको संक्रमण एक हजार ८९ जना व्यक्तिमा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत २४ घण्टामा सात हजार ९७१ जनामा परीक्षण गर्दा उक्त संख्यामा संक्रमण देखिएको हो । सक्रिय संक्रमित ३१ हजार २४८ रहेका छन् ।

एक हजार ५३४ जनासंक्रमणमुक्त भई घर फर्किएका छन् । अहिलेसम्म सात लाख २७ हजार १८५ व्यक्ति संक्रमणमुक्त भई घर फर्किएका हुन् । निको हुने दर ९४.५ प्रतिशत पुगेको छ ।

पछिल्लो २४ घण्टामा थप २० जनाको संक्रमणबाट निधन भएको छ । अहिलेसम्म १० हजार ८३८ जनाको संक्रमणबाट ज्यान गएको छ । त्यस्तै ५२३ जना सघन उपचार कक्षमा, १६२ भेन्टिलेटर, २९ हजार ८१ होमआइसोलेशन, दुई हजार १६८ संस्थागत आइसोलेशन र २६६ जना क्वारेन्टिनमा रहेका छन् ।

# मैत्रीपूर्ण...

नेपाली टोलीले दोस्रो हाफमा पनि गोल गर्ने उत्कृष्ट मौका पाए पनि त्यसको सदुपयोग गर्न भने सकेन । यसअघि बिहीबार भएको पहिलो मैत्रीपूर्ण खेलमा नेपाल र भारतले एक/एक गोलको बराबरी खेलेका थिए । नेपालका लागि अन्जन विष्टले गोल गर्नुभएको थियो भने भारतका लागि अनिरुद्ध थापाले गोल गर्न सफल हुनुभएको थियो । आइतबार खेलको ७४औँ मिनेटमा भारतीय टोलीका प्रशिक्षक इगिर स्टिमिकले पहैंलो कार्ड पाउनुभएको थियो ।

# कालाबाङ घरेडी होमस्टेका संयोजक गुरुङको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौ**

पोखरा महानगरपालिका २२ पुम्दी भुम्दीमा रहेका कालावाङ घरेडी सामुदायिक होमस्टेका मार्केटीङ संयोजक रविन्द्र गुरुङको निधन भएको छ ।


दुई पटकसम्म किड्ने फेरेका ४६ बर्षीय गुरुङको निधनले सिंगो होमस्टे क्षेत्रमा अपूर्ण क्षती पुगेको कालावाङ घरेडी सामुदायिक होमस्टेका अध्यक्ष प्रकाश गुरुङले बताए । रोजगारको लागि दुवईमा समेत काम गरी पोखराको लेकसाइड, डेविडफल्स लगायतका क्षेत्रमा रेष्टुरेण्ट संचालन गर्दै आउने क्रममा आफ्ना बाबु थम बहादुर गुरुङको निधन भए पश्चात आफ्नो जन्म गाउँमै होमस्टे प्रबर्द्धमा लागि परेका गुरुङको निधनले होमस्टे नै सोकमा परेको अध्यक्ष गुरुङले जनाए । २०७५ सालमा भिटोभबाट उत्कृष्ट होमस्टे हुदा स्व.रविन्द्रको महत्पूर्ण भूमिका रहेको अध्यक्ष गुरुङले स्मरण गरेका छन्। केही दिन देखि स्वास्थ्यमा समस्या देखा परेको रविन्द्रको शुक्रबार आफ्नै निवासमा निधन भएको उनका आफन्तले जनाएका छन्। रविन्द्रका आमा, श्रीमती र एक/एक जना छोरा/छोरी रहेका छन्। २०७१ साल देखी सुरु भएको कालाबाङ होमस्टे २०७३ साल देखि व्यवसायीक रुपमा संचालनमा आएको हो ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# अभिव्यक्ति स्वतन्त्रता खोस्ने प्रयास

कांग्रेस नेतृत्वको गठबन्धनको सरकारले भारतीय प्रधानमन्त्री र एमसीसीको विरोध गर्न नपाउने फर्मान जारी गरेको छ । दुई दिन लगातार सरकारले विरोधीलाई तह लगाउने गरि विज्ञप्तिमार्फत तर्साउन खोजेको छ । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेले आइतबार विज्ञप्ति जारी गर्दै छिमेकी मित्रराष्ट्र 'भारतका प्रधानमन्त्रीको प्रतिष्ठामा आँच आउने गरी नाराबाजी गर्ने, जुलुस प्रदर्शन गर्ने र पुत्ला दहन गर्ने गतिविधि प्रति गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको' उल्लेख गरिएको छ ।

विज्ञप्तिमा चेतावनी दिँदै भनिएको छ, 'मित्रराष्ट्रहरूविरुद्ध लक्षित हुने गतिविधिलाई नियन्त्रण गर्न र त्यस्ता गतिविधिमा संलग्न भई कानून हातमा लिनेलाई कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ ।' शनिबार पनि एमसीसी भनेर किटान नगरिएको गृहको विज्ञप्तिमा 'हालैका दिनमा मित्रराष्ट्रहरूको सहयोगमा सञ्चालित विकास आयोजना, त्यहाँ कार्यरत कर्मचारी, विदेशी नागरिक र तिनको सम्पत्तिलाई लक्षित गरी प्रत्यक्ष वा परोक्षरूपमा सञ्चारमाध्यम र सामाजिक सञ्जालमा नकारात्मक टिकाटिप्पणी गर्ने, धम्कीपूर्ण अभिव्यक्ति दिने जस्ता गतिविधिहरू' प्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ ।

त्यसमा एक कदम अगाडि बढेर त्यस्ता अभिव्यक्तिको सुक्ष्मरूपमा निगरानी गरिरहेको र कानून बमोजिम कडा कारवाही गरिने चेतावनी पनि दिइएको छ । 'विकास आयोजना कार्यान्वयनमा असुरक्षा महसुस हुने तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा नै आँच आउने कुनै पनि गतिविधि नगर्न नगराउन मन्त्रालय अनुरोध गर्दछ,' विज्ञप्तिमा भनिएको छ, ' त्यस्ता अभिव्यक्ति र गतिविधिहरुको मन्त्रालयले सुक्ष्म रुपमा निगरानी राख्ने, विश्लेषण गर्ने र त्यस्ता गतिविधि गर्ने उपर प्रचलित कानून बमोजिम कडा कारवाही समेत गरिने व्यहोरा सबैमा जानकारी गराइन्छ ।' कम्युनिस्टले जितेमा हाँस्न र रुन पाईदैन भन्ने कांग्रेसको नेतृत्वमा सरकार बन्ने वितिक्कै संविधान प्रदत्त अधिकारमाथि धावा बोल्ने चेष्टा गरेको छ । सरकारले पछिल्लो समय जारी गरेका चेतावनीपूर्ण दुई विज्ञप्तिमा नागरिकको अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने नियत लुकेको छ।सरकारमा संलग्न दलका भातृ संगठनले विरोध गरेका छन्। यसको सार्वजनिक आलोचना भइरहेको छ । विगतमा पनि नेपाल मामिलामा जोडिएका छिमेकी देश, त्यहाँका प्रधानमन्त्री र आयोजनाहरूबारे नागरिक तहमा विरोध र टिकाटिप्पणी हुने गरे पनि यस्तो चेतावनीपूर्ण विज्ञप्ति आउँदैनथे ।आफुलाई लोकतन्त्रको पक्षपाती र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा उभिने दावी गरेको दल सरकारमा पुगेपछि शान्तिपूर्ण विरोध र आलोचना सुन्न नसक्नु विडम्बना हो ।

भारतीय सुरक्षा बलले तुइन काटिदिएपछि महाकालीमा तुइन तर्दै गरेका दार्चुलाका जयसिंह धामी बेपत्ता भएको विषयमा सरकारले प्रष्टसँग भारतको ध्यानाकर्षण गराउन नसेको, भारतीय हेलिकप्टरले नेपाली आकाशमा अनधिकृत रूपमा उडान गर्दा नबोलेको तर समस्या नै नभएको चीनतिरको सीमा अध्ययन गर्न गलत समयमा समिति बनाएको भन्दै पछिल्लो समय शेरबहादुर देउवा नेतृत्वको सरकारको आलोचना भइरहेको छ । गर्नुपर्ने काम नगरेको र आवश्यक नभएको विषयमा चासो राखेको भन्दै सरकारको आलोचना भएको छ । पूर्वप्रधानमन्त्री एवम् प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पनि चीनसँगको सीमा अध्ययन गर्ने विषयमा समिति बनाएकोप्रति सरकारको आलोचना गरेका छन् ।

'चीनसँग सीमा विवाद छैन ।समिति बनाएर सीमा विवाद देखाएर अरुलाई खुसी पार्न खोजेको छानेपाली उखान "एकातिर आँधी ,अर्कोतिर झोलुङ्गे पुल "जस्तै ब्यवहार देखाएको छ । 'सीमा मिचिएको छ- लिपुलेकमा । तुइन काटेर एसएसबीले हत्या गरेको छ- दार्चुलामा । अवैध भारतीय हेलिकप्टर उड्छ- दार्चुलामा । तर, सरकारले सीमासम्बन्धी अध्ययन गर्ने कार्यदल बनाउँछ- हुम्लाको नाम्खामा । विनासकाले विपरीत बुद्धि । यो सरकार कता जाँदैछ भन्ने बुझ्न यिनै आत्मघाती कर्तुत हेरे पुग्छ ।' यस्ता अभिव्यक्तिविरुद्ध कानूनी कारवाही चाल्ने चेतावनीले झन सरकारमाथिको आलोनचना बढाएको छ । सरकारले नागरिकको अभिव्यक्ति स्वतन्त्रतामा लगाम लगाउन खोजेको छ । गृहका प्रवक्ताले हामी परिस्थिति अनुसार जानुपर्ने हुन सक्छ । हामीले त्यसो नगर्नु, गरेमा कानून बमोजिम कारवाही हुन्छ भनेर चेतावनी दिएका छनापरराष्ट्र मन्त्रालयमार्फत बोल्नपर्नेमा गृहमन्त्रालयलाई अघि सार्नु शान्तिपूर्ण विरोध र आलोचना सुन्न सरकार तयार छैन भन्ने हो । विदेशीलाई रिझाउन गठबन्धन सरकार कतिसम्म गिर्न सक्छ भन्ने संकेत हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मन चञ्चल |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : मानसिक तनाव |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सार्वजनिक निकाय र बैंकको सेवा ठप्प

पोखरापत्र संवाददाता
म्याग्दी, २० भदौ

इन्टरनेट सेवामा समस्या देखिएपछि म्याग्दीमा सार्वजनिक निकाय र बैंकको सेवा ठप्प भएको छ । पर्वतमा पहिरोले इन्टरनेटको फाइबर चुँडाएपछि म्याग्दीमा सरकारी कार्यालय, बैंक, वित्तीय र सहकारी संस्थाको सेवा ठप्प बनेको हो । मध्यपहाडी लोकमार्गको पर्वत खण्डको विभिन्न ठाउँमा पहिराले विद्युत, सडक र सञ्चारसँग सम्बन्धित पूर्वाधारमा ठूलो क्षति पुगेको छ ।

सरकारी स्वामित्वको नेपाल टेलिकम र निजी क्षेत्रको इन्टरनेट सेवा प्रदायक कम्पनीको फाइबर पहिराले चुँडाएकाले इन्टरनेटको सहायताले प्रदान गरिने सेवा ठप्प बनेको हो । मेघा बैंकको बेनी शाखाका प्रबन्धक कुमार ढुङ्गानाले पहिराका कारण सर्भर र इन्टरनेटको सम्पर्क विच्छेद भएकाले सेवा ठप्प भएको बताउनुभयो । चेक, विद्युतीय माध्यम र एटिएममार्फत हुने भुक्तानी, बचतको काम नहुँदा सर्वसाधारण, व्यवसायीलाई आर्थिक कारोवारमा समस्या भएको छ । जिल्ला प्रशासन, मालपोतलगायत अन्य सरकारी कार्यालयको सेवा पनि सर्वरको समस्याका कारण ठप्प भएको कर्मचारीले बताएका छन् । म्याग्दीमा विभिन्न बैंकका ३० भन्दा बढी शाखा छन् । नेपाल टेलिकम म्याग्दीका प्रमुख विष्णुदेव शाहले पहिराले क्षति पुऱ्याएको फाइबरमर्मत गरेर आज साँझसम्म इन्टरनेट सेवा सुचारु गराउन प्रयास भइरहेको बताउनुभयो । बिहीबार रातिदेखि म्याग्दी, बागलुङ, मुस्ताङ र पर्वत जिल्लामा सडक, सञ्चार र विद्युत् सम्पर्क विच्छेद भएको थियो ।

नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख प्रशान्त झाका अनुसार पर्वतस्थित मोदी र तल्लो मोदी जलविद्युत् आयोजनाको बीचमा रहेको १३२ केभी क्षमताको टावर ढलेपछि अवरुद्ध बनेको विद्युत् सुविधा वैकल्पिक पोल बनाएर आपूर्ति गराउन थालिएको छ। टावर ढलेपछि म्याग्दीको ४२ मेगावाट क्षमताको म्रिस्तीखोला, ५ मेगावाट क्षमताको घलेम्दीखोला, १३ मेगावाट क्षमताको थापाखोला जलविद्युत् आयोजनाबाट उत्पादित राष्ट्रिय प्रणालीमा जोडिन सकेको छैन् । म्याग्दी, मुस्ताङ, पर्वत र बागलुङलाई गण्डकी प्रदेशको राजधानी पोखरा हुँदै काठमाडौंलगायत देशका विभिन्न सहर जोड्ने मध्यपहाडी लोकमार्गको पर्वत खण्डको सडक शुक्रबारदेखि अवरुद्ध छ । सडक अवरुद्ध हुँदा गम्भीर अवस्थाका बिरामीलाई धौलागिरि क्षेत्र बाहिरका अस्पतालमा पुऱ्याउन हेलिकप्टर चार्टर गरेका छन् । पहिरोमा परेर पर्वतमा १० जनाको मृत्यु र एक जना बेपत्ता भएका छन् ।

# पहिराले सताउने सडकको वैकल्पिक मार्ग खोजी

रासस
पोखरा, २० भदौ

करोडौँ खर्चिदासमेत पहिराले क्षति पुऱ्याएको सडक मर्मत हुने सम्भावना नरहेको भन्दै बागलुङको दक्षिण जोड्ने सडकको वैकल्पिक मार्ग खोजी हुन थालेको छ। बागलुङ-कुश्मीशेरा सडकअन्तर्गत बागलुङ नगरपालिका-१० एक्लेसालमा पहिरो तर्काउने गरी वैकल्पिक मार्गको खोजी थालिएको हो ।

काठेखोलामा रहेको पक्की पुलदेखि दक्षिणतर्फबाट पहिरो तर्काउने गरी वैकल्पिक मार्ग निर्माणका लागि बिहीबार सरोकारवालाले अध्ययन गरेका छन् । अक्षतेबाट गल्वा निकाल्ने गरी वैकल्पिक सडक बनाउनुपर्नेमा सरोकारवालाको जोड थियो । प्रतिनिधिसभा सदस्य, राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, प्रशासन कार्यालय र सरोकारवाला कार्यालयका प्रतिनिधिसहितको समूहले पहिरो निरीक्षण गर्दै वैकल्पिक मार्गका बारेमा स्थलगत अध्ययन गरेका हुन् ।

यहाँ एउटै पहिराले तीन वटा सडकको चार ठाउँमा क्षति पुऱ्याएको छ । असार १ गतेदेखि निरन्तर बगिरहेको पहिराले ठूलो गल्छी बनाएकाले सडक मर्मत गर्न कठिन रहेको पूर्वाधार कार्यालय बागलुङका प्रमुख इञ्जिनीयर शोभियत खड्काले बताउनुयो । 'यहाँको माटो र ढुङ्गाको प्रकृति बग्ने खालको छ पानीको व्यवस्थापन नभएकै कारण ठूलो क्षति व्यहोर्नुपऱ्यो', खड्काले भन्नुभयो, 'यहाँ करोडौँ खर्चे पनि हिउँदका लागि मात्रै हुन्छ सडक, अर्को वर्षामा उस्तै हो ।' पहिरो नियन्त्रणका लागि उपाय नरहेकाले पनि पहिलेकै अवस्थामा सडक सञ्चालन गर्ने अवस्था नरहेको बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले बताउनुयो ।

'बेस घटाएर तत्कालका लागि खुलाउन सकिन्छ तर दिगो हुने देखिएन, माथिसम्म जमिन चर्किएको छ, अझै पहिरो गहिरो हुने सम्भावना छ', पौडेलले भन्नुभयो ।

अवलोकनका लागि पुगेका प्राविधिकले पहिरोको भौगर्भिक अध्ययन हुनुपर्ने सुझाव दिनुभयो। 'हामीले मात्रै भनेर हुँदैन, यहाँको भूगोलको अवस्था राम्रोसँग जानकारी लिएर मात्रै विकल्पको विषयमा खोज्नुपर्छ', इञ्जिनीयर मनोज शर्माले भन्नुभयो, 'दिगो हुने गरी काम गर्न सडकको ट्र्याक परिवर्तन गर्नुपर्ने देखियो ।'

जिल्ला प्रशासन कार्यालयले भूगर्भ विभागलाई पत्राचार गरेर अध्ययनका लागि अनुरोध गर्ने जनाएको छ । 'हामी पत्र लेख्छौँ, यहाँको भूगोलको अवस्थाका विषयमा अध्ययन गर्न भन्छौँ', प्रजिअ शिवकुमार कार्कीले भन्नुभयो, 'सडक बनेको लामो समय भयो, अहिले पहिरो किन गहिरिएर गयो भन्ने विषयमा अध्ययन हुन जरुरी छ ।' पहिरो खसेका क्षेत्रमा आउने बाढी तर्काउने विषयमा समेत अध्ययन भइरहेको कार्कीले बताउनुभयो ।

पहिराले कालीगण्डकी करिडोरको बागलुङ बलेवा खण्ड र त्यसको वैकल्पिक मार्गमा क्षति पुऱ्याएको छ । एक्लेसाल हुँदै भकुण्डे जाने सडक कामै नलाग्ने गरी भत्किएको छ भने बागलुङ कुश्मीशेरा सडकमा दुई ठाउँमा गहिरो गल्छी बनाएको छ । पहिराका कारण असार १ गतेयता दक्षिण क्षेत्र बेलाबेलामा सडक टुट्ने गरेको छ ।

# दीर्घजिवी बनाउने प्राकृतिक चिकित्सालय

रासस
म्याग्दी, २० भदौ

गण्डकी प्रदेश सरकार र बेनी नगरपालिकाको सहयोगमा बेनी-४ सिङ्गा तातोपानीमा प्राकृतिक चिकित्सालय स्थापना गरिएको छ । सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिले चिकित्सकका निगरानीमा औषधिको प्रयोगबिना बिरामीको उपचार गरिने चिकित्सालय स्थापना गरेको हो ।

समितिका सचिव कृष्ण खड्काले भवन निर्माण, उपकरण जडान, व्यवस्थापन र चिकित्सक नियुक्त भइसकेको आगामी असोजदेखि बिरामी भर्ना गरेर सेवा सुरुआत गर्ने तयारी भएको जानकारी दिनुभयो । "प्राविधिक, पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापन गरिसकेका छौँ", उहाँले भन्नुभयो, "नगरपालिका र प्रशासनसँग तातोपानी कुण्ड खुलाउन माँगिएको सहमति स्वीकृत भएपछि चिकित्सालयको सेवा सुरु गर्छौं ।" म्याग्दी नदीका किनारमा जमिनभित्रबाट वीरुनको गन्धमा निस्कने ५० डिग्री सेल्सियस तातोपानी सङ्कलन गरिएको तलाउमा परम्परागत शैलीमा शरीर डुबाएर गरिँदै आएको प्राकृतिक उपचारलाई व्यवस्थित र प्रभावकारी बनाउन चिकित्सालय बनाइएको हो । चिकित्सक आयुष अधिकारीलेहाइड्रोथेरापी(जलचिकित्सा), म्यानुयुलेटिभ (मसाज थेरापी), योगा थेरापी, पोषण थेरापी, अकुपञ्चर, फिजियो थेरापी, परामर्शको माध्यमबाट बिरामीको उपचार गर्नुहुने जानकारी दिनुभयो । उहाँले बाथ, दम, नशा च्यापिएका, प्यारालाइसिस, पेट, छाला, टाउको दुखाई, माइग्रेन र ग्यास्ट्राइटिससम्बन्धी समस्या भएका बिरामीको उपचार गरिने बताउनुभयो । " रोगीलाई निरोगी र निरोगीलाई दीर्घजिवी बनाउने प्राकृतिक चिकित्सालयको उद्देश्य हो", उहाँले भन्नुभयो, "योगा, फिजियो थेरापी, हाइड्रोथेरापी, अकुपञ्चर र परामर्शकक्ष बनाएका छौँ ।" प्रदेश सरकारको रु ५० लाख बजेटबाट नगरपालिकाले गत आर्थिक वर्ष २०७७/७८ मा चिकित्सालयका लागि आवश्यक उपकरण र सामग्री खरिद गरी जडान गरेको थियो । यसैगरी पर्यटन मन्त्रालयको रु ५० लाख र तातोपानी कुण्ड व्यवस्थापन समितिको रु ५० लाख गरी रु एक करोड लगानीमा चारतले भवन निर्माण गरिएको समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले जानकारी दिनुभयो । तातोपानीमा आउने बिरामीको प्रभावकारी उपचारका लागि प्राकृतिक चिकित्सालयले सहयोग पुगे उहाँले बताउनुभयो । तातोपानीमा उपचार गराएमा ग्यास्ट्रिक, बाथरोग, ढाड दुख्ने, छाला, सुन्निएको, बज्ररिएको, मर्किएको, पेट दुख्ने, खाना रुचि नहुनेलगायतका स्वास्थ्य समस्या निको हुने बिरामीको अनुभव छ।ग्यास्ट्रिक, बाथरोग (युरिकएसिड), ढाड दुख्ने, छालासम्बन्धी विविध रोग, सुन्निएको, बज्रिएर चोट लागेको, मर्किएको, पेट सुन्निने, गलगाँड र एसाइटिसजस्ता स्वास्थ्य समस्या निको हुने गरेको बिरामी बताउँछन् । यस स्थानमा वीरेनुन र गन्धन (सल्फर) तत्वसहितको ४५ देखि ५७ डिग्री सेल्सियस तातोपानी निस्कने मुहान रहेको छ ।

गन्धक आफैँमा एक प्राकृतिक एन्टिवायोटिक भएको हुनाले कुण्डमा स्नान गर्दा एक व्यक्तिमा भएको रोग अर्को व्यक्तिमा सर्ने सम्भावना कम हुन्छ । एक दिनमा दुईपटक दुई/दुई घण्टाका दरले तातोपानीको कुण्डमा शरीरलाई डुबाएर स्नान गरेपछि बाहिर निस्किएर पाँच-दश मिनेटसम्म पछ्यौरा, कम्बल, प्लास्टिक, काम्लो आदि न्याना कपडा ओढेर शरीरबाट चिटचिट पसिना निस्कँदासम्म विश्राम गरिन्छ । तातोपानी कुण्डमा पुरुष र महिलाका लागि फरक-फरक समय तालिका बनाइएको छ । रु ३५० शुल्क तिरेर १० दिनसम्म स्नान गर्न पाइन्छ । कोरोनाको दोस्रो लहर फैलिएपछि गत वैशाखदेखि बन्द भएको तातोपानी कुण्ड स्नानका लागि खुलाउने तयारी भएको छ । स्वास्थ्य समस्या नदेखिएका र कोरोनाविरुद्धको खोप लगाएकाहरूलाई स्नान गर्न दिने गरी खुलाउन लागिएको समितिका सहसचिव कुमार केसीले बताउनुभयो ।



# कार्यालय भवन निर्माणको लागि गोप्य शिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८।०५।२१**

**यस सुरक्षा पालुवा वचत तथा ऋण सहकारी संस्था लिमिटेडले कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं-३३, कालिकास्थानमा आफ्नो कार्यालय भवन निर्माण गर्न लागेकाले कार्यालय भवन निर्माण कार्यको लागि नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक निर्माण कम्पनी तथा व्यवसायीवाट गोप्य शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

१. बोलपत्र फाराम संस्थाको प्रधान कार्यालय,पोखरा-३३,कालिका स्थानबाट रु.२,०००|- (अक्षरुपी दुई हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) भुक्तानी गरि कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।
२. यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य शिलवन्दी बोलपत्र संस्थाको प्रधान कार्यालय, कालिकास्थानमा पेश गर्नुपर्नेछ ।
३. बोलपत्र पेश गर्ने निर्माण कम्पनी तथा व्यवसायी अनिवार्य रुपमा मुल्य अभिवृद्धी कर (VAT) मा दर्ता भएको हुनुपर्नेछ ।
४. बोलपत्र पेश गर्ने ईच्छुक निर्माण कम्पनी तथा व्यवसायीसँग भवन निर्माण गरेको अनुभव हुनुपर्ने छ ।
५. बोलपत्रका साथ आफुले कबुल गरेको रकमको कम्तीमा ५% ले हुन आउने रकम संस्थाको प्रधान कार्यालयमा सम्पर्क गरी संस्थाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ वा सो वरावरको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।
६ बोलपत्र साथनिवेदन, फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र, निर्णय उतार, अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि र निर्माण कम्पनी तथा व्यवसायीको विस्तृत विवरण (Profile) पेश गर्नुपर्नेछ ।
७. ईच्छुक निर्माण कम्पनी तथा व्यवसायीले कम्तीमा एक जना प्राविधिक कर्मचारी राखेको हुनुपर्नेछ र त्यस्तो प्राविधिकको व्यक्तिगत विवरण बोलपत्र साथ पेश हुने विस्तृत विवरण (Profile) सँग संलग्न गर्नुपर्नेछ ।
८. विस्तृत जानकारीको लागि यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।
९. निर्माण सम्वन्धी अन्य शर्तहरु सम्झौतामा उल्लेख भए अनुरुप हुनेछन् ।
१०. प्राप्त बोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

**सुरक्षा पालुवा** बचत तथा ऋण सहकारी संस्था लिमिटेड
SURAKSHYA PALUWA SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.

प्रधान कार्यालय : पोखरा महानगरपालिका
वडा नं.-३३, कालिकास्थान, कास्की ।
फोन : ०६१६२०९६२
Email: surakshya.paluwa@gmail.com

# कांग्रेस महाधिवेशन : वडादेखि नै युवा नेतृत्व स्थापित

-पूर्णप्रसाद मिश्र
काठमाडौं, २० भदौ

राजनीतिप्रति युवा पुस्ता आकर्षित छैनन् भन्ने बुझाइलाई गलत सावित गर्दै भदौ १८ गतेदेखि शुरु भएको नेपाली कांग्रेसको वडा अधिवेशनमा युवा नेतृत्वमा स्थापित हुने क्रम बढेको छ।

युवाको सक्रियता बुढापाकालाई नेता बनाउनेमा मात्र सीमित छैन । कति युवा आफैं नेतृत्वमा स्थापित हुन थालेका छन् । ९० वर्षसम्मका क्रियाशील सदस्य हुने पार्टीका नेता कार्यकर्तामा १९ वर्षीय युवतीले वडा सभापति जीत हात पारेपछि सामाजिक सञ्जालमा बधाई दिनेको सङ्ख्या बढेको छ । सञ्जालमा धेरैले 'अब देशमा केही हुन्छ' भनी सकारात्मक सन्देश प्रवाह गरेका छन् । दैलेख जिल्ला दुल्लु नगरपालिका-३ को सभापतिमा १९ वर्षीय स्वस्तिका महत निर्वाचित भएपछि पार्टीका नेता कार्यकर्ता मात्र नभइ अन्य दल एवं क्षेत्रबाट पनि बधाई सन्देशको ओइरो लागेको हो। गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख कांग्रेस काठमाडौं क्षेत्र नं ३ की सचिव शान्ति नेपालले सामाजिक सञ्जालमा लेख्नुभएको छ- 'देशभरिका युवा तथा महिलालाई गतिलो सन्देश, महिला पनि नेतृत्व लिन तयार' । केन्द्रीय सभापतिमा ६० पार गरिसकेका पाका नेताहरूले दाबी गरिरहनुभएका बेला पार्टीको सबैभन्दा तल्लो निकायमा १९ वर्षका युवा पुग्दा पार्टीमा क्रियाशील युवा समूहमा रक्तसञ्चार भएको छ । सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै महतले वडाका पार्टी नेता कार्यकर्ताले गरेको विश्वासलाई कायम राख्दै नमूनाका रूपमा काम गर्ने प्रतिक्रिया दिनुभएको छ । महत सम्भवतः देशभरका वडामा कान्छो सभापतिका रूपमा निर्वाचित हुनुभएको छ। युवा त्यसमा पनि महिला सानै उमेरमा राजनीतिक नेतृत्वमा पुग्नुलाई युगको सन्देशका रूपमा विश्लेषण गर्नेको सङ्ख्या पनि सामाजिक सञ्जालमा धेरै छ । रचनात्मक राजनीतिमा युवा अझै सक्रिय हुनुपर्ने आशयको पोष्ट पनि फेसबुक, ट्विटरलगायत सामाजिक सञ्जालमा भएको छ। खेमराज बस्नेतले युवा विरक्तिएर विदेश पलायन भएका बेला १९ वर्षीया युवती पार्टीको वडा तहको नेतृत्व लिन सफल हुनुले सकारात्मक सन्देश दिएको सामाजिक सञ्जालमा लेख्नुभएको छ।

महतलाई सामाजिक सञ्जालमा बधाई दिने पनि धेरै छन् । धेरै सञ्चारमाध्यमले यो विषयलाई प्राथमिकताका साथ समाचारमा समेटेका छन् । नरेशप्रसाद जोशीले सामाजिक सञ्जालमा 'केही गर्न सकिदैन, परिवार गरिब छ, राजनीति धनीले गर्ने हो, हामी केटी मान्छे चार जनाको अगाडि बोल्न त लाज मान्छौं, यी र यस्तै यावत् चिन्तामा रहनुभएका दिदीबहिनी र महिलामित्रको लागि प्रेरणाको खम्बा सावित भइन् स्वस्तिका महत' भन्ने वाक्यांश लेख्नुभएको छ । बाँकेको नेपालगञ्ज मेडिकल कलेजबाट हेल्थ असिस्टेन्ट (एचए) गरेर फर्कनुभएकी महत बाबु स्वर्गीय भूपेन्द्र महतको राजनीतिक इच्छा पूरा गर्न राजनीतिमा प्रवेश गर्नुभएको हो । दैलेख कांग्रेसको उपसभापति भइसक्नुभएका भूपेन्द्रको राजनीतिबाट समाज रुपान्तरण गर्ने अभियान पूरा गर्न आफू राजनीतिमा लागेको उहाँको भनाइ छ । यसैगरी अछामको मङ्गलसेन नगरपालिका-१६ मा पनि २२ वर्षीय युवती वडा सभापति निर्वाचित भएको समाचार सार्वजनिक भएको छ। मङ्गलसेन नगरपालिका-१६ मा जानकी रावल (भण्डारी) सभापति निर्वाचित हुनुभएको हो । दैलेख र अछामका अन्य वडामा पनि युवा नेतृत्व निर्वाचित भएको कांग्रेसले जनाएको छ । लामो समयदेखि नेपाल विद्यार्थी सङ्घ र नेपाल तरुण दलको महाधिवेशन नभएकाले पनि युवा विद्यार्थी कांग्रेसकै महाधिवेशनमा उम्मेदवार बन्न थालेका छन् । राजनीतिका माध्यमबाट समाजमा केही गरेर देखाउने सोच बनाएका युवालाई पार्टीको सबै तहको नेतृत्वमा स्थान दिनुपर्ने कांग्रेस काठमाडौंका नेता बुद्धिमान तामाङले बताउनुभयो।

लोकतन्त्रको पर्याय दाबी गरेपनि कांग्रेसले समयमा पार्टी र भ्रातृ एवं शुभेच्छुक संस्थाको स्वस्थ अधिवेशनसमेत नगराएको टिप्पणी हुने गरेको छ। वडा तहसम्म लोकतान्त्रिक अभ्यासलाई तीव्रता दिन पनि युवा पुस्ता सक्रिय राजनीतिमा आउनुपर्ने धारणा प्रबल बन्न थालेको उहाँले बताउनुभयो।

# मनाङका वद्यािलय भवन सेनाले बनाउने

-नवीन लामछिाने
मनाङ, २० भदौ

बाढीपहीराका कारण क्षति पुगेका यहाँका विद्यालय नेपाली सेनाले बनाउने भएको छ । बाढीपहीराले क्षति पुऱ्याएका जिल्लाका विद्यालय भवन बनाउन नेपाली सेना तयार भएको हो।

गत असार १ गते मर्स्याङ्दी नदीमा आएको बाढीले क्षति पुऱ्याएका चार विद्यालयको भौतिक पूर्वाधार निर्माण सेनाले गर्ने भएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ। नासों गाउँपालिका-१ ताल गाउँस्थति भानु मावि, नासों-६ थोंचेस्थित प्रकाशज्योति मावि, नासों-३ स्थित धारापानी आधारभूत विद्यालय र चामे गाउँपालिका-४ स्थित लोकप्रिय माविको भवन निर्माण सेनाले बनाउने बताइएको छ। जिल्लाका नमूना विद्यालयका रूपमा रहेका लोकप्रिय मावि र प्रकाशज्योति माविको आधा भाग बाढीले बगाएको छ । बाढीका कारण क्षति पुगेका विद्यालयमा पठनपाठन गराउन सकिने अवस्था नरहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख नारायणप्रसाद रेग्मीले बताउनुभयो।

चार मात्रै मावि रहेको मनाङका विद्यालयमा नदी पसेपछि विद्यार्थीको भवष्यि अनिश्चित बनेको छ। बाढीपहिराले सडक सञ्जालबाट विच्छेद रहेका विद्यालय भवन निर्माणका लागि सेनाले सहयोग गर्ने भएको रेग्मीले जानकारी दिनुभयो। "भविष्यमा देशको कार्यभार सम्हाल्ने साना विद्यार्थीको उज्यालो भविष्य बनाउनका लागि सेनाले भवन निर्माण गरेर सहयोग पुऱ्याउने भएको छ," उहाँले भन्नुभयो।

कोरोनासँगै बाढीपहिराको जोखिममा रहेका बालबालिकाको पढाइ नै अनिश्चित भएपछि सेनाले विद्यालय भवन निर्माण सहयोग गर्ने तत्परता देखाएको छ। सेनाले विद्यालय भवन निर्माणमा सहयोग गर्ने भएपछि मनाङवासीका साथै बालबालिकासमेत हर्षित भएका छन्। नासों-१ ताल गाउँस्थति भानु माविमा हालसम्म पनि मर्स्याङ्दी नदी बगिरहेको छ। ताल गाउँको बस्तीसँगै विद्यालय पनि पूर्ण रूपमा जोखिममा छ । उहाँका अनुसार तीन माध्यमिक र एक आधारभूत विद्यालयमा बाढीका कारण क्षति पुगेको छ। यी विद्यालयमा पठनपाठन गराउन सक्ने अवस्था नरहेको उहाँ बताउनुहुन्छ । त्यस्तै नासों-६ थोंचेस्थति डाँडाको टाकुरामा रहेको प्रकाशज्योति माविलाई एकतर्फ मर्स्याङ्दी नदी र अर्कोतर्फ दूध खोलाले क्षति पुऱ्याएको छ। कक्ष १२ सम्म पढाइ हुने यस विद्यालयमा पठनपाठनका लागि मर्स्याङ्दी नदीमाथिको झोलुङ्गे पुलमार्फत जानुपर्ने भए पनि बाढीले पुल बगाएपछि विद्यालयसम्म पुग्नसमेत सकस हुने गरेको छ । जिल्लाका चार माविमा मनाङ डिस्याङ गाउँपालिका-६ मनाङ गाउँस्थित अन्नपूर्ण मावि मात्रै बाढीबाट जोगिएको रेग्मीले जानकारी दिनुभयो । सदरमुकामस्थित चामे-४ को नमूना विद्यालय लोकप्रिय माध्यमिकको भवनमा मर्स्याङ्दी नदीको बाढीले पूर्ण रूपमा क्षति पुगेको छ । छात्रावाससहितको विद्यालयको एक चौथाइ भाग मात्रै बाँकी रहेको छ। कम भाग मात्रै बाँकी रहेको विद्यालयमा राखेर विद्यार्थीको पठनपाठन अगाडि बढाउन सक्ने अवस्था छैन। नेपाली सेनासँग कहिलेदेखि भवन निर्माणको थालनी गर्ने, भौतिक संरचना निर्माण आवश्यक पर्ने सामग्री कसरी क्षति पुगेको स्थानसम्म पुऱ्याउनेलगायत प्राविधिक तथा सामाजिक, विधिगत विषयमा छलफल भइरहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामछिानले जानकारी दिनुभयो । "सडक सञ्जालबाट पूर्ण रूपमा टाढा भएका छौं, विद्यालय विद्यार्थीको भविष्य निर्माणका लागि आवश्यक छ, सडक सञ्जाल निर्माण छिटो भए सहज हुने थियो, पहल गरिरहेका छौं, अझैसम्म पनि वर्षा हुने क्रम जारी रहँदा समस्या थपिएको छ", उहाँले भन्नुभयो । कोरोनाले थलिएको मनाङको शैक्षिक क्षेत्रमा बाढीले झन् थिलो थिलो बनाएको उहाँले बताउनुभयो । बाढीपहिराका साथै कोरोना कहर न्यूनीकरण हुँदै जाँदा बालबालिकाको भविष्य निर्माणका लागि पठनपाठन सञ्चालन गर्नुपर्ने हुन्छ । विद्यालय भवन नै बाढीपहिराले बगाएपछि मनाङका विद्यार्थी शिक्षाबाट वञ्चित हुनेछन्।

# कांग्रेस वडा अधिवेशन : म्याग्दीमा पनि युवा नेतृत्व

पोखरापत्र संवाददाता
म्याग्दी, २० भदौ

म्याग्दीका वडामा भएको नेपाली कांग्रेसको अधिवेशनले युवालाई नेतृत्वमा पुऱ्याएको छ। चौधौं महाधिवेशनअन्तर्गत शुक्रबार म्याग्दीका छ स्थानीय तहको ४३ वटा वडामा चयन भएका कार्यसमितिका सभापतिमध्ये १६ जना ४५ वर्षभन्दा कम उमेरका छन् । म्याग्दीमा कांग्रेसको वडा अधिवेशनले युवालाई राजनीतिमा आकर्षित गराउँदै नेतृत्व विकासमा सहयोग पुगेको छ।

नेपाल जेसिजका पूर्वअध्यक्ष धनञ्जयकुमार श्रेष्ठले जिल्लाको एक तिहाइ वडामा युवा नेतृत्वमा पुग्नुलाई युवाको राजनीतिप्रति चासो नभएको भनाइलाई गलत सावित गरेको बताउनुभयो । माओवादी केन्द्रले ४० वर्षभन्दा कम उमेरका रेशम जुग्जालीलाई हालै जिल्ला संयोजकको जिम्मेवारी दिएको थियो । नेकपा (एमाले)का नेताले पनि पार्टीका विभिन्न तहमा युवालाई नेतृत्वमा ल्याउन जोड गरेका छन् । एमाले सम्बद्ध युथफोर्सको जिल्ला अध्यक्ष भएर काम गरेका हिक्मत श्रेष्ठले युवाले राजनीतिमा निरन्तररूपमा इमान्दारिताका साथ जिम्मेवारी पूरा गरेमा अवसर पाइने कांग्रेसको वडा अधिवेशनले सन्देश दिएको बताउनुभयो।

# कृषि ज्ञान केन्द्र डेढ महिनादेखि प्रमुख विहीन

पोखरापत्र संवाददाता
लमजुङ, २० भदौ

कृषि ज्ञान केन्द्र करबि डेढ महिनादेखि प्रमुखविहीन रहेको छ । प्रमुख रोहिणीराज घिमिरेको गत साउन १२ गतेदेखि अवकाशपश्चात कार्यालय प्रमुखविहीन हुँदै आएको हो। प्रमुखविहिन भएको यतिका समय हुँदासमेत सरकारले कार्यालय प्रमुख नपठाउँदा सेवाग्राहीदेखि कर्मचारीसमेत मर्कामा पर्दै आएका छन्।

प्रमुख पठाउन सम्बन्धति निकायलाई जानकारी गराउँदै आए पनि हालसम्म कहिले आउने अन्योल नै रहेको केन्द्रका कृषि प्रचार अधकिृत बुद्धबिहादुर बानियाँले बताउनुभयो । यस कार्यालयमा रहेका सूचना अधिकारी तथा अर्थविज्ञ मदन रेग्मीसमेत तालिमका लागि भन्दै यही भदौ ८ गतेदेखि काठमाडौं जानुभएको छ। उहाँले आफू दुई महिना लामो तालिममा सहभागी भएकाले कार्यालयमा उपस्थति हुन नसक्ने जानकारी दिनुभयो । कार्यालय प्रमुखसहित वभिन्नि पदका कर्मचारी नहुँदा वभिन्नि सेवाबाट बञ्चित हुँदा किसान निराश बन्न थालेका छन् । कृषि क्षेत्रमा सरकारले विशेष प्राथमिकताका साथ हेर्दै समस्याका समाधान गर्नुपर्ने यहाँका किसानको भनाइ छ।

## प्रदेश सरकार
## भूमि व्यवस्था,कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालय
## कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र, कास्की
### गण्डकी प्रदेश, नेपाल

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

मिति: २०७८/०५/२१

कृषि ज्ञान केन्द्र, कास्की, आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि समुह तथा सहकारी संस्थाले मिति २०७८ असोज २५ गतेभित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल:**

**क) कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क्र.स | कार्यक्रमको नाम | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | बाझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी रु.५०००/- अनुदान उपलब्ध गराईनेछ। | ३३ हेक्टर | १९०८० | विविध कारणले कम्तिमा ३ वर्षदेखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्ने। |
| २. | फलफूल बगैंचा सुदृढीकरण तथा क्षेत्र विस्तार कार्यक्रम | विरुवा/ मल/ विषादी/ कृषि सामाग्री/ कृषि यन्त्र उपकारण खरिदमा अनुदान (खरिद मूल्यको ७५% सम्म) | १० हेक्टर | २००० | कम्तिमा पनि ३ रोपनी क्षेत्रफलमा फलफूल खेती गरिएको वा गर्नुपर्ने। |
| ३. | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | खुल्ला जमिनमा तरकारी खेति गर्ने कृषकले प्रति रोपनी रु.३००/- र प्लाष्टिक घर भित्र खेती गर्ने कृषकले प्रति १०० वर्ग मिटर रु ३०००/- | २ पटक | ८०० | कम्तीमा २ रोपनी वा प्लाष्टिक घर भित्र कम्तीमा २०० वर्ग मिटर क्षेत्रफलमा वार्षिक कम्तीमा २ सिजन तरकारी खेती गरेको हुनुपर्ने छ। |
| ४. | अनुदान सहयोग कृषि यन्त्र तथा उपकरण वितरण | खरिद मुल्यको बढीमा ७५ % (अधिकतम रु ८० हजार) | २५ वटा | २००० | यस कार्यक्रममा मिनीटिलर/पावर टिलर (अधिकतम २० एच.पि सम्म), पावर स्प्रेयर, खाडल खन्ने मेसिनरी औजार, कृषि सम्बन्धि यन्त्र उपकरणहरु। |
| ५. | बालीको बिमा शुल्कमा २५% अनुदान कार्यक्रम | कुल बिमा शूल्कको २५% | १ पटक | ८०० | आ.व. २०७८/७८ मा कृषि सम्बन्धि विमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन्। पहिलो आवेदन पेश गर्ने आवेदकलाई प्राथामिकता दिईनेछ। |
| ६. | व्यवसायिक फलफूल खेती गर्न इच्छुक कृषकहरुलाई अनुदानमा फलफूल विरुवा र आवश्यक कृषि सामाग्री वितरण कार्यक्रम | प्रति रोपनी अधिकतम पाँच हजार रुपैंया नबढ्ने गरि कुल लागतको बढिमा ७५% (विरुवा, मेसिनरी औजार तथा उपकरण, अन्य कृषि सामाग्री ) | ८ हेक्टर | ८०० | कार्यक्रममा संलग्न हुने कृषकले कम्तिमा ३ रोपनी क्षेत्रफलमा फलफूल खेती गरेको हुनुपर्ने छ। |

**ख) कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क्र.स | कार्यक्रमको नाम | अनुदानको सहयोग रकम | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | आलु खेति प्रबर्धन विषेश कार्यक्रम | बीउ/मल/कृषि यान्त्र उपकरण खरिद ग्रेडिङ, प्याकेजिङ आदिमा ९०% सम्म अनुदान (प्रति रोपनी बढिमा रु. ५०००/-) | ४ हेक्टर | १००० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलु खेतीलाई विस्तार गर्नुपर्ने। |
| २. | साना सिँचाई कार्यक्रम सञ्चालन | कुल लागतको ९०% सम्म अनुदान (बढिमा रु. २ लाख अनुदान उपलब्ध हुने) | २० वटा | ४००० | साना कुलो निर्माण/ कुलो मर्मत, सिमेन्ट तथा प्लाष्टिक पोखरी निर्माण, पाईप सिँचाई, साना बाँध निर्माण आदी जस्ता कार्यकालागि आवेदन पेश गर्न सकिने। |
| ३. | गामीण पोषण सुरक्षण कार्यक्रम | बीउ, बिरुवा, प्रांगारीक मल र कृषि सामाग्री खरिद र प्लाष्टिक घर निर्माणमा बढीमा ९० % सम्म अनुदान | ५ संख्या | २५०० | पोषण सुधार गर्ने उद्देश्यले घरयासी उपभोगका लागि तरकारी, फलफूल आदी बालीको खेती क्लष्टरमा कम्तिमा १० घरधुरी संलग्न भई गर्नुपर्ने। |
| ४. | क्लष्टरमा रैथाने बाली संरक्षण कार्यक्रम | रैथाने वालीका विउ, प्राङ्गारिक मल र कृषि सामाग्री खरिद लगायलका क्रियाकलापमा ९०% सम्म अनुदान | १ | ५०० | परम्परागत रुपमा सदियौं देखि खेति गर्दै आएका स्थानीय बालीहरु (जस्तैः कोदो, जौ, फापर, कागुनो, उवा आदिको) उत्पादन, संकलन, संरक्षण एवम् प्रवर्दनका कार्यहरु गर्नपर्नेछ। |

**आवश्यक कागजातहरु:**

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
२. सोही प्रकृतिको कार्यक्रमकालागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।
३. सम्बन्धित स्थानिय तहको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको, सम्बन्धित वडाको सिफारिश)।
४. खेती विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ)।
५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्य समितीको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रर्माण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि
६. व्यक्तिगत कृषकको हकमा नागरिताको प्रतिलिपि

नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेवसाईट kaski.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीको लागि** ०६१-४६१२५०, ९८४६३११२९३, ९८५६०३७४३५, ९८५६००१३४४, ९८५७६२१३४१ **मा सम्पर्क गर्न सकिनेछ।**